**बैठक नंः १८५**

**निर्णयहरुः**

राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालले २०८१ चैत्र १५ गते का.म.न.पा. वडा नं.३२ स्थित तिनकुनेको खाली चौरमा नागरिक सभाको आयोजना गरेको र समाजवादी मोर्चा नेपालले पनि सोही मितिमा भृकुटीमण्डपमा जनसभाको आयोजना गरेको पाईयो । तिनकुने क्षेत्रमा आन्दोलन अशान्तिपूर्ण भई सुरक्षाकर्मीहरुको गोली लागी १ जना प्रदर्शनकारीको मृत्यु भएको, कैयौं प्रदर्शनकारीहरु घाइते भएको र समाचार संकलनको लागि गएका एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकको प्रदशर्नकारीहरुले तिनकुनेस्थित एक घरमा आगो लगाउँदा जलेर मृत्यु भएको, निजी भवनहरु, संचार गृह तथा सार्वजनिक सम्पत्ति, प्रहरी कार्यालयहरु, अन्य सरकारी भवन, राजनीतिक दलका कार्यालयहरु, व्यपारिक भवनहरुमा तोडफोड, आगजनी, लुटपाट भएको घटनामा संलग्नहरुलाई कारवाही गरी मानव अधिकार संरक्षण गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीहरु आयोगमा प्राप्त हुन आएका थिए । यस विषयमा विभिन्न सञ्चार माध्यमहरुमा समाचारहरु समेत प्रशारित प्रकाशित भइ आयोगको ध्यानाकर्षण भई मानव अधिकारको दृष्टिकोणबाट अनुसन्धान तथा छानबिन गरी मानव अधिकार उल्लंघनमा दोषी देखिएकाहरुलाई कारवाही र पीडितहरुलाइ क्षतिपूर्ति सिफारिश गर्ने उद्देश्यले विज्ञ सम्मिलित अनुसन्धान समिति गठन भएको थियो। सो समितिले अनुसन्धान/छानबिनको कार्य सम्पन्न गरी प्रतिवेदन बुझाएकोमा आज मिति २०८३।५।२६ गते देहाय बमोजिम हुनेगरी निर्णय गरियो ।

**१. आयोगमा प्राप्त भएका उजुरीहरुको संक्षिप्त विवरणहरुः**

- नेपाल अनुसन्धान ब्यूरो लगायत नेपाल प्रहरीका विभिन्न निकायहरुबाट आफ्नो अनलाईन गतिविधिमा निगरानी गर्ने लगायत सञ्चारकर्मी कर्मचारीहरुलाई डर धाक धम्की दिने जस्ता कार्य गरेकाले संविधान प्रदत्त हक र कर्तव्य समेत निरोध तथा कुण्ठित गरेकाले उक्त कार्य तत्काल रोकी हाम्रो संविधान प्रदत्त हक संरक्षण गरी पाउन साथै कर्तब्यहिन प्रहरी कर्मचारी उपर कारवाही गरी न्याय र सुव्यवस्था कायम गरी पाउन मनोज सापकोटाको मिति २०८१/१२/१७ गते आयोगमा दर्ता उजुरी ।
- तीनकुने घटनामा राजावादी समूह अन्तर्गत नवराज सुवेदीको नेतृत्वको राजतन्त्र पूर्नस्थापनाको लागि संयुक्त जनआन्दोलन समिति र दुर्गा प्रसाई नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालले संयुक्त रुपमा राजतन्त्र पूनर्स्थापनाको लागि गरेको शक्ति प्रदर्शन एवम् जनप्रदर्शनको क्रममा भएका दुई नागरिकको मृत्यु र दर्जनौ घाइते भएको, प्रदर्शन

हिंसात्मक हुन गई आगजनी, तोडफोड, लुटपाट लगायत घटनाका सम्बन्धमा सत्यतथ्य, निष्पक्ष छानबिन समेतको माग राखी मिति २०८१/१२/१९ गते युवराज सफलको निवेदन ।

- कोटेश्वरमा आयोजित तेश्रो जनआन्दोलन उद्घाटन समारोह तथा नागरिक बचाउ अभियानको कार्यक्रममा घटेको गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरुका सन्दर्भमा आयोग समक्ष प्रत्यक्षदर्शी भनिने शनिश्चरे वडा नं. ९, झापाका उमादेवि पौडेलले तथ्यगत विवरण समेत पेश गरी मिति २०८१/१२/२० गते निष्पक्ष छानबिनको माग राखी आयोगमा दिएको निवेदन ।
- शान्तिपूर्ण भेला प्रदर्शनमा आफ्नो माग राख्ने राजनीतिक अधिकारलाई कुण्ठित गर्दै राज्य तर्फबाट नेपालको संविधान र विश्वव्यापी मान्यता विपरीत मानव अधिकार दमन हुने गरी म्याद गुज्रेको अश्रुग्याँस, गोली प्रहार लगायतका घटनाले प्रदर्शनकारीहरुलाई उक्साउने, हिंसा प्रेरित गर्ने लगायत कार्य भएकोले सोको उचित छानबिन गर्न भनि रवि किरण हमालको मिति २०८१/१२/२० गतेको निवेदन ।
- घटनाका सम्बन्धमा सत्यतथ्य छानबिनको लागि न्यायिक छानबिन आयोगको माग संघिय संसद तथा जनमानसमा भएकोमा सरकारले आफ्नै संयन्त्र मार्फत छानबिन गर्ने भएकाले सरकारी सुरक्षा निकायहरुकै संलग्नता हुने छानबिनको विश्वसनीयता नरहने कारण निष्पक्ष आयोग मार्फत सो कार्य गर्न अनुरोध गरी मिति २०८१/१२/२२ गते प्रा.डा. सुरेन्द्र के.सी., एस के तिमिल्सिना, रवि राज थापा, अमिता श्रेष्ठ, के.वि. लिम्बु, भरत कुमार रायमाझी, दिपक शर्मा, मिरा भण्डारी, डा. सुरेन्द्र भण्डारी समेतको निवेदन ।

- तीनकुने घटनामा सरकारको क्रियाकलाप प्रजातन्त्र, मानव अधिकार र विचार अभिव्यक्तिको स्वतन्त्रताका विरुद्ध भएकाले सो प्रकारको विचार, अभिव्यक्ति, स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्र विरुद्धको सरकारी क्रियाकलापको भत्सर्ना गर्दै र भविष्यमा यस प्रकारका घटनाहरू नदोहोरिनका लागि उक्त दिनको घटनाको निष्पक्ष र स्वतन्त्र छानबिन तथा राप्रपा नेताद्वय एवं अन्य व्यक्तिमाथि लगाइएका झुट्टा मुद्दा उपर आयोगको ध्यानाकर्षण गराउँदै राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट मिति २०८१/१२/२१ मा दर्ता हुन आएको निवेदन।
- संवैधानिक र कानूनी हैसियत प्राप्त निकायबाट नेपालको संविधान, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धी सम्झौताको रोहबाट निष्पक्ष छानविन गरी सत्यतथ्य जानकारी पाउने आम नागरिकको नैसर्गिकता संरक्षण गर्नु, पीडितलाई क्षतिपूर्ति दिलाउनु तथा दोषी उपर कारवाहीको सिफारिस गर्नु आयोगको संवैधानिक कर्तव्य स्मरण गराउदै आस्थाका बन्दीलाई तत्काल रिहा गरी छानविनको प्रक्रिया थालनी गरि पाउन सादर निवेदन गरिन्छ आयोगबाट प्रभावकारी कार्य हुन नसकेमा आयोग विरुद्ध नै अन्तराष्ट्रिय क्षेत्र (१९३ देश तथा अन्तराष्ट्रिय

मानव अधिकार आयोग तथा नियोग) मा व्यक्तिपरक पत्राचार गरिने ब्यहोरा समेत जानकारी गराउदै मिति २०८१।१२।१५ गते तीनकुनेमा भएको युद्द अपराध, शान्ति विरुद्ध अपराध र मानवता विरुद्धको अपराधको छानविन गरी दोषी उपर अनुसन्धान र अभियोजनको सिफारिस गरि पाऊँ भनि मिति २०८१/१२/२६ गते नेपाल एकता पार्टीको निवेदन ।

- प्रहरीको गोली लागि अकालमा ज्यान गुमाउनु परेकोमा १३ दिन बित्दा पनि सरकार पक्षबाट छानबिन नभएको भनि सविन महर्जनको श्रीमती भविसा महर्जनबाट घटनाको सत्यतथ्य छानबिनको माग राखी मिति २०८१/१२/२७ को निवेदन ।
- जिल्ला ललितपुर हात्तीवन स्थित मेरोसिटि अपार्टमेन्टबाट पक्राउ पूर्जी बिना ई. शिशिर जिसीलाई मिति २०८१/१२/२७ गते प्रहरीद्वारा पक्राउ गरी जिल्ला प्रहरी परिसर भद्रकालीमा राखेको कारण निजको जिउ ज्यानको सुरक्षाको मागसमेत राखी मिति २०८१/१२/२७ को निवेदन ।
- काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घट्नामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा हनन हुने गरी सञ्चारगृह र सञ्चारकर्मीमाथि आक्रमण भएको र पत्रकार सुरेश रजकलाई आगोमा जलाएर हत्या गरिएको घटनाका सन्दर्भमा नेपाल पत्रकार महासंघले निष्पक्ष र स्वतन्त्र छानबिन गरी दोषीमाथि कारवाही, मृतक पत्रकारका परिवार तथा क्षति पुगेको सञ्चारगृहलाई क्षतिपूर्ति, घाइते पत्रकारको निःशुल्क उपचार, सञ्चारगृह र सञ्चारकर्मीको सुरक्षाको प्रत्याभूति तथा विगतदेखि नै प्रेस स्वतन्त्रता हननमा संलग्न रहेकाहरूलाई कानूनी कारवाहीको माग गर्दै नेपाल सरकारका माननीय गृहमन्त्रीसमक्ष पुस १८ गते ध्यानाकर्षण पत्र पेश गरेको अवगत गराउदैं सरकारले ती माग पूरा गर्नेतर्फ पहल नगरेकोले महासंघ आफ्ना माग पुरा गराउन आन्दोलित रहेको अवस्था रहेको जानकारी गराउदैं नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालय साथै जिल्लागत शाखा कार्यालयहरुले माननीय अध्यक्षज्यू समक्ष आयोगबाट महासंघका माग पूरा गराउन सरकारको ध्यानाकर्षणका साथै, घटनाको निष्पक्ष र स्वतन्त्र छानविन होस् भनि मिति २०८१/१२/२९ गते को निवेदन ।
- तीनकुनेमा घटेको घटनाको गम्भीर रूपमा अनुसन्धान गर्न आग्रह गर्दै शान्तिपूर्ण आन्दोलनकालमा प्रहरीले अत्याधिक बल प्रयोग गरी जनधनको ठूलो क्षति पुर्याएकोले घटनाको निष्पक्ष अनुसन्धान गरी दोषी प्रहरी/अधिकारीहरूमाथि कानूनी कारवाही वा सरकारको राजीनामा, मृतकको परिवार र घाइतेहरूलाई न्याय, मुआवजा र चिकित्सा सहयोग उपलब्ध गराउने लगायत प्रहरी बलप्रयोगको स्वतन्त्र जाँच माग समेत नविन रावलको निवेदन ।

**आयोगमा प्राप्त_CCTV Footage सहितका श्रव्यदृश्यहरुबाट प्राप्त तथ्यहरुः**

**२.प्रदर्शनको प्रारम्भिक अवस्था तथा भीड व्यवस्थापन**

२०८१ चैत १५ गते बिहानदेखि तीनकुने क्षेत्रमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको प्रदर्शनमा बिहानै देखि उपत्यकाको लागि विभिन्न स्थानबाट प्रदर्शनकारीहरू भेला हुन थालेका थिए। नेपाल प्रहरीले प्रदर्शन व्यवस्थापन तथा सुरक्षा कायम गर्न विभिन्न स्थानमा सुरक्षाकर्मी परिचालन गरेको थियो। प्रारम्भिक चरणमा आयोजक पक्ष र प्रहरीबीच समन्वय तथा संवादको प्रयास भएको देखिन्छ। बिहानदेखि अपराह्न करिब १२ बजेसम्म समग्र अवस्था सामान्य नै रहेको पाइयो। यस अवधिमा प्रदर्शन शान्तिपूर्ण रूपमा सञ्चालन हुने अपेक्षा गरिएको देखिन्छ।

**३. निषेधित क्षेत्र प्रवेशको प्रयास र तनावको सुरुवात**

अपराह्न करिब १२:१२ बजेदेखि ठूलो संख्यामा प्रदर्शनकारीहरूले निषेधित क्षेत्रतर्फ प्रवेश गर्ने प्रयास गरेका थिए। प्रहरीले माइकिङ्गमार्फत तोकिएको स्थानमै कार्यक्रम गर्न अनुरोध गरेको भए पनि प्रदर्शनकारीहरूले ब्यारिकेड हटाउने, रोड डिभाइडर फाल्ने तथा सुरक्षाकर्मीमाथि ढुङ्गा र पानीका बोतल प्रहार गर्न थालेको देखिन्छ। यसपछि प्रहरी र प्रदर्शनकारीबीच धकेलाधकेल तथा झडपको अवस्था सिर्जना भएको पाइयो। तत् पश्चात परिस्थितिले उग्र रूप लिन थालेको देखिन्छ।

**४. बल प्रयोग तथा भीड नियन्त्रणका उपाय**

स्थिति नियन्त्रणबाहिर जान थालेपछि प्रहरीले क्रमशः अश्रुग्यास, वाटर क्यानन, लाठीचार्ज तथा त्यसपछि रबर बुलेट र अन्ततः गोली प्रयोग गरेको देखिन्छ। उपलब्ध श्रव्यदृश्य, प्रहरी टाइम चार्ट तथा पत्रकार सम्मेलनका विवरण अनुसार अपराह्न करिब १२:५०—१२:५८ बजेदेखि अश्रुग्यास प्रयोग भएको र १४:५४ बजे पहिलो पटक गोली चलाइएको पुष्टि हुने तथ्य प्राप्त भएको छ।

**५. दुर्गा प्रसाईको गतिविधि तथा घटनाक्रममा परेको प्रभाव**

आन्दोलनका कमाण्डर दुर्गा प्रसाई अपराह्न करिब १२:३० बजे भक्तपुरबाट कार्यक्रमस्थलतर्फ प्रस्थान गरेको र पछि सवारी साधनसहित प्रहरीको घेरा तोडेर निषेधित क्षेत्रतर्फ प्रवेश गर्ने प्रयास गरेको विभिन्न सीसीटीभी फुटेज तथा प्रहरी अभिलेखबाट देखिन्छ। निजले चलाएको सवारी साधन अगाडि बढेपछि प्रदर्शनकारीहरूको गतिविधि थप आक्रामक बनेको पाइयो। यसले सुरक्षाकर्मी र प्रदर्शनकारीबीचको तनावलाई थप बढाएको देखिन्छ।

## ६. आगजनी,तोडफोड तथा सार्वजनिक सम्पत्तिमा क्षति

झडप चर्किंदै गएपछि विभिन्न सरकारी कार्यालय, निजी भवन, सञ्चारकर्मी तथा सञ्चारगृह, सवारी साधन तथा अन्य सार्वजनिक सम्पत्तिमा व्यापक तोडफोड तथा आगजनी भएको देखिन्छ। आगो निभाउन पुगेको काठमाडौं महानगरपालिकाको दमकल तथा वाटर क्याननलाई समेत प्रदर्शनकारीहरूले अवरोध गरेको र ढुङ्गामुढा प्रहार गरेको तथ्य प्राप्त भएको छ। यसका कारण आगलागी नियन्त्रणमा ढिलाइ भएको तथा भौतिक क्षति बढेको देखिन्छ। यस घटनाले सार्वजनिक सुरक्षा, व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा गम्भीर चुनौती उत्पन्न गरेको देखिन्छ।

## ७. मानवीय क्षति तथा उद्धार कार्य

घटनाका क्रममा प्रदर्शनकारी, सुरक्षाकर्मी तथा सञ्चारकर्मीसमेत घाइते भएका थिए। प्रदर्शनस्थल भन्दा टाढा व्यारिकेड नजिक सबिन महर्जनको गोली लागी घटनास्थलमै मृत्यु भएको, अश्रुग्यासको असर तथा अन्य प्रकारका शारीरिक चोटपटकका घटनाहरू भएको पाइयो। पत्रकार सुरेश रजकको सुवाल ल फर्म भित्र जलेर मृत्यु भएको, शम्भु दर्जी तथा डिल्ली लुइँटेल लगायत व्यक्तिहरू गोली लागेर घाइते भएको विवरण प्राप्त भएको छ। घाइतेहरूको उद्धार तथा उपचारका लागि सुरक्षाकर्मी र एम्बुलेन्स परिचालन गरिएको भए पनि हिंसात्मक अवस्थाले उद्धार कार्य प्रभावित भएको देखिन्छ।

## ८. सञ्चारकर्मी तथा सञ्चार संस्थामाथिको असर

घटनाका क्रममा सञ्चारकर्मीहरूले समाचार सङ्कलन गर्ने क्रममा प्रत्यक्ष जोखिम व्यहोरेको देखिन्छ। अन्नपूर्ण मिडिया हाउस, कान्तिपुर पब्लिकेशनको भवन लगायत सञ्चार संस्थामा आगजनी तथा तोडफोड भएको,सवारी साधनमा आक्रमण र सञ्चारकर्मीमाथि सांघातिक आक्रमण समेत भएको तथ्य प्राप्त भएको छ।

## ९. सुरक्षा अवस्था नियन्त्रणमा आउन लागेको क्रम

अपराह्नदेखि साँझसम्म नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलले थप सुरक्षा जनशक्ति परिचालन गरी भीड नियन्त्रणको प्रयास गरेको देखिन्छ। क्रमशः कर्फ्यु कार्यान्वयन, उद्धार तथा घाइतेहरूको उपचार व्यवस्थापन, आगो नियन्त्रण तथा संवेदनशील क्षेत्रको सुरक्षा सुदृढ गरिएको पाइयो। यद्यपि, त्यसअघि नै मानवीय तथा भौतिक क्षति भइसकेको देखिन्छ। घटनापछि समग्र सुरक्षा प्रवन्धका लागि दिउसो करीव ४ बजेतिर कर्फ्यू जारी भएपछि नेपाली सेना सहितको सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिएको देखिन्छ ।

**तथ्य र विश्लेषण खण्ड**

1. मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, २०८१ चैत्र १५ गते बिहानै देखि राष्ट्रिय मानव अधिकार आयोगको टोलीले गरेको स्थलगत अनुगमन, CCTV Footage तथा अन्य कागजातहरुको अध्ययन गर्दा राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालले आयोजना गर्ने नागरिक सभाको लागि का.म.न.पा. वडा नं.३२ स्थित तिनकुनेको खाली चौर उपलब्ध गराई दिन २०८१ चैत्र ४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लिखित रुपमा पत्राचार गरी अनुरोध गरेको देखिन्छ । त्यसैगरी समाजवादी मोर्चा नेपालले पनि २०८१ चैत ७ गते सोही मितिमा जनसभाको लागि स्थान उपलब्ध गराइदिन र सुरक्षा एवं जुलुस व्यवस्थापनमा सहयोग गरीदिन भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लिखित अनुरोध गरेको देखिन्छ । निवेदनहरु मध्ये समाजवादी मोर्चा नेपालको कार्यक्रमको लागि आवश्यक शान्ति सुरक्षाको लागि व्यवस्था मिलाउन जिल्ला प्रहरी परिसर र उपत्यका ट्राफिक कार्यालयमा पत्राचार भएको देखिन्छ । राष्ट्र राष्ट्रियता, धर्म, सँस्कृति र नागरिक बचाउ महाअभियान नेपालको कार्यक्रमको लागि जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भई जिल्ला सुरक्षा समितको बैठकमा छलफल गरी शान्ति सुरक्षाको लागि व्यवस्था मिलाउन जिल्ला सुरक्षा समितिबाट निर्णय भई सुरक्षा योजना २०८१ पारित भई सुरक्षा व्यवस्थापनको लागि प्रहरी परिचालन भएको देखिन्छ ।
2. उल्लेखित आयोजकहरूको शान्तिपूर्ण प्रदर्शनको विषय नेपालको संविधानको धारा १७(२)(क) र (ख) मा उल्लेखित विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा विनाहातहतियार शान्तिपूर्वक भेलाहुने स्वतन्त्रताको उपयोग लगायत मौलिक हक समेतका विषयहरु भएको हुँदा, मानव अधिकारसँग सम्वन्धित नै रहेको देखियो ।
3. मिति २०८१।१२।४ गते राष्ट्र, राष्ट्रियता, धर्म, सँस्कृति र नागरिक बचाउ महाअभियानको तर्फबाट दुर्गा प्रसाईं लगायतका व्यक्तिहरुले मिति २०८१।१२।१५ गते काठमाडौंमा शान्तिपूर्ण प्रदर्शन गर्ने भनी अनुमति लिन आएको र सोही दिन समाजवादी मोर्चाले पनि कार्यक्रम आयोजना गर्ने भनेको हुँदा फरक मितिमा प्रदर्शन गर्नको लागि दुवै पक्षलाई अनुरोध गर्दा दुवै समूहले प्रदर्शन शान्तिपूर्ण हुनेभनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अनुमतिको लागि पत्र लेखेको देखियो । जिल्ला प्रशासन कार्यालयमा सुरक्षा समिति र प्रदर्शनकारीहरुको विचमा भएका छलफलमा कार्यक्रम शान्तिपूर्ण हुने प्रतिवद्धता व्यक्त गरेकोले सो को लागि उल्लेखित मितिमा शान्ति सुरक्षाको व्यवस्था गरिएको पाइयो। तथापि स्थान छनौटको लागि काठमाडौंमा भएका स्थानमध्ये तीनकुने क्षेत्र र भृकुटीमण्डप क्षेत्र उपयुक्त देखि सोको जानकारी मन्त्रालयलाई समेत दिइएको र शान्तिपूर्वक प्रदर्शन गर्ने भनी प्रतिवद्धता जनाए अनुसार कार्यक्रमको स्थान छनौट गरिएको तर कार्यक्रम नै

नगरी निषेधित क्षेत्र तोड्ने, सुरक्षाकर्मी माथि ढुंगामुढा गर्ने, आगजनी तथा सार्वजनिक र निजी सम्पत्तिहरुमा तोडफोड, लुटपाट गरीएकोले यसको जिम्मेवारी आयोजक र यसका जिम्मेवार नेतृत्वकर्ताले लिनु पर्दछ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी, प्रहरी अतिरिक्त महानिरीक्षक, काठमाडौं प्रहरी परिसर प्रमुख सहितका सुरक्षा प्रमुखहरुसँगको छलफल र बयानको क्रममा खुल्न आएको देखिन्छ ।प्रदर्शनकारीहरुको तर्फबाट प्रदर्शन शान्तिपूर्ण नभै प्रहरीको व्यारिकेड तोड्ने, ढुंगामुडा गर्ने लगायतका कार्य गरेको, आयोगको अनुगमन टोलीमाथि समेत ढुंगामुढा गर्ने सांघातिक आक्रमण गर्नेलगायतका अराजक गतिविध गरेको अनुगमनको क्रममा देखिँदा उक्त प्रदर्शन शान्तिपूर्ण सभा नगर्ने राष्ट्र, राष्ट्रियता, धर्म, सँस्कृति र नागरिक बचाउ महाअभियानको नेतृत्व सहित कार्यकर्ताहरुको योजना नै रहेको देखियो । अर्कोतर्फ यस्तो परिस्थितिको सुरक्षा निकायले सुक्ष्म विश्लेषण गरी सोही अनुसार आवश्यक सुरक्षा बन्दोवस्तीको प्रभावकारी तयारी गर्न सकेको देखिएन ।

4. कार्यक्रम आयोजकका तर्फबाट कमाण्डर भनिएका दुर्गा प्रसाई तथा राजावादी कार्यकर्ताहरु कार्यक्रम गर्न अनुमतिका लागि निवेदन दिएको स्थल तिनकुनेको खाली चौरमा रहेको मञ्च वरपर केन्द्रित नरही प्रहरीको सुरक्षा घेरा तोडेर निषेधित क्षेत्र प्रवेश गर्न उत्तेजित र भड्काउ अभिव्यक्ति दिएको पाइयो । राष्ट्र, राष्ट्रियता, धर्म, सँस्कृति र नागरिक बचाउ महाअभियानको नेतृत्व लिएका दुर्गा प्रसाईंबाट नै "आओ आओ", संसद भवन जलाउनु पर्छ भन्ने जस्ता अभिव्यक्ति दिंदै अगाडि बढेपछि कार्यकर्ताहरुको भीड बढ्दै गएको,आयोजक नेतृत्वबाट नै तिनकुने क्षेत्रमा कार्यकर्ताहरुलाई भड्काउने, उक्साउने, मानव अधिकारकर्मीहरु तथा मिडियाहरुलाई गाली गलौज गर्ने लगायतका कार्य गरीरहेको भन्ने आयोगको स्थलगत अनुगमन प्रतिवेदन, प्राप्त भएका सिसिटिभी फुटेज लगायतका तथ्यहरुबाट खुल्न आएको छ ।साथै निज प्रसाईंलाई सुरक्षाकर्मीले निजले चलाएको सावारीसाधन रोकी निजलाई नियन्त्रणमा लिएर कार्यक्रमस्थल तर्फ लगेको भन्ने बयानमा खुल्न आएको भएता पनि निजलाई नियन्त्रणमा लिई तत्काल कानूनी प्रकृयामा लगी अनुसन्धान गरेको समेत पाइएन ।

5. २०८१ चैत १५ गते तीनकुने क्षेत्रमा आयोजना गरिएको प्रदर्शन प्रारम्भमा शान्तिपूर्ण रहने भनिए तापनि क्रमशः हिंसात्मक र अराजक बन्दै गएको, जसका कारण मानवीय तथा भौतिक क्षति रूपमा भएको आयोगबाट भएको स्थलगत अनुगमनबाट देखिन्छ। प्रदर्शन नियन्त्रणका क्रममा सुरक्षाकर्मी र प्रदर्शनकारीबीच भएको झडपमा बल प्रयोगको सिद्धान्त,आवश्यकता, तथा वैधानिकतामा आयोजकका नेता नवराज सुवेदी लगायतले प्रश्न उठाएको देखिन्छ। प्रदर्शन नियन्त्रणका क्रममा प्रयोग गरिएका अश्रुग्यास लगायत भीड नियन्त्रण सामग्रीको गुणस्तर तथा सिलसिलेवार बल

प्रयोगको सिद्धान्तको अक्षरशः पालना हुनु पर्ने आवश्यकता देखिएको तथ्यलाई नकार्न सकिदैन। शान्तिपूर्ण प्रदर्शनको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएबमोजिम शान्तिपूर्ण कार्यक्रम हुन नसकी प्रदर्शनमा अराजक भीड बढ्दै जाँदा सुरक्षाकर्मीहरुले बल प्रयोग गरेको देखिन्छ । तथापि फिल्डमा खटिएका सुरक्षाकर्मीहरुले सिलसिलेवार बल प्रयोग गर्न भरमग्दुर प्रयास गर्दा गर्दै पनि पर्याप्त सावधानी अपनाउन सकेको पाइएन । यस प्रकारका प्रदर्शन लगायतका कार्यक्रममा सुरक्षाकर्मीहरुलाई सुरक्षा बन्दोवस्तीका उचित र प्रभावकारी सामग्री उपलब्ध गराउनु पर्नेमा सो नगरी म्याद नाघेका अश्रुग्यासका सेलहरु प्रयोग गर्न बाध्य भएको पाइयो ।

6. शान्तिपूर्ण रूपमा आयोजना गर्ने भनिएको प्रदर्शन क्रमशः हिंसात्मक बन्दै गए पछि प्रदर्शनकारीहरूको समूह पटक पटक निषेधित क्षेत्रतर्फ अघि बढ्ने, सुरक्षाकर्मीमाथि ढुङ्गामुढा गर्ने, सार्वजनिक तथा निजी सम्पत्ति, सवारी साधनमा आगजनी, तोडफोड तथा लुटपाट गर्ने गतिविधि गरेको सम्बन्धित निकायहरूले उल्लेख गरेका छन्। सञ्चार संस्था, उद्योग, दमकल, सवारी साधन तथा अन्य संरचनामा भएको क्षतिले सार्वजनिक सुरक्षा र अत्यावश्यक सेवामा गम्भीर असर पुगेको देखिन्छ। आन्दोलनकारीबाट आगलागी नियन्त्रण तथा उद्धार कार्यमा अवरोध सिर्जना गरीनु, निजी तथा सार्वजनिक सम्पत्तिमाथि आक्रमण, तोडफोड तथा अत्यावश्यक सेवामा अवरोध सिर्जना हुन गएको देखिन्छ । हिंसात्मक गतिविधिका कारण नागरिक, सुरक्षाकर्मी तथा सञ्चारकर्मीसमेत प्रत्यक्ष रूपमा प्रभावित भएको देखिन्छ। शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार कुनै पनि अवस्थामा हिंसा, आगजनी वा अन्य व्यक्तिको अधिकार उल्लङ्घन गर्ने माध्यम बन्न हुँदैन र हुन पनि सक्दैन। त्यसैले हिंसात्मक गतिविधिमा संलग्न व्यक्तिहरूको निष्पक्ष अनुसन्धान गरी कानुन बमोजिम जवाफदेही बनाउनु आवश्यक देखिन्छ। त्यसैगरी भविष्यमा यस्ता घटना दोहोरिन नदिन प्रदर्शन व्यवस्थापन पूर्व नै जोखिम मूल्याङ्कन, प्रभावकारी संवाद, समन्वय तथा भीड व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका कार्यविधि तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनु आवश्यक देखिन्छ।

7. प्रदर्शनकारीहरूको समूहबाट सरकारी तथा निजी सम्पत्ति, सञ्चार माध्यम, व्यावसायिक प्रतिष्ठान, सवारी साधन तथा अन्य संरचनामाथि आगजनी, तोडफोड, लुटपाट र हिंसात्मक गतिविधि भएको, राष्ट्रिय मानव अधिकार आयोगको सदस्यको नेतृत्वमा खटिएको अनुगमन टोलीमाथि नै सांघातिक तवरले आक्रमण तथा कुटपीट, दुर्व्यवहार, धम्की साथै अनुगमनमा अवरोध सिर्जना गरिएको घटनाबाट मानव अधिकारको अनुगमन कार्यमा नै अवरोध पुग्न गएको देखिन्छ। सञ्चारगृहमाथि भएको आक्रमण, सञ्चार सामग्रीको क्षति समेतले प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा तथा अभिव्यक्ति स्वतन्त्रताको हनन् भएको देखिन्छ ।

8. घटनामा सर्वसाधारण, सुरक्षाकर्मी तथा प्रदर्शनकारी गरी ठूलो संख्यामा व्यक्ति घाइते भएको, दुइ जनाको मृत्यु भएको तथा घाइतेहरूको उपचार, उद्धार र राहत व्यवस्थापनमा समेत समस्या भएको, प्रदर्शन हिंसात्मक भएको भन्ने आयोगबाट भएको प्रदर्शन अनुगमनबाट खुल्न आएकोले सुरक्षाकर्मीले आवश्यक सुरक्षा रणनीति अपनाएको पाइएन ।

9. आयोगको स्थलगत अनुगमनबाट प्राप्त तथ्यअनुसार प्रदर्शनका क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सर्वसाधारण गरी ठूलो सङ्ख्यामा घाइते भएको पाइयो। घाइतेहरूको काठमाडौं मेडिकल कलेज, सशस्त्र प्रहरी अस्पताल बलम्बु, राष्ट्रिय ट्रमा सेन्टर, बी एण्ड बी अस्पताल लगायतका स्वास्थ्य संस्थाहरूमा उपचार गरिएको तथा अधिकांश घाइते उपचारपछि डिस्चार्ज भइसकेका भए पनि केही व्यक्तिहरूको लामो समयसम्म उपचार जारी रहेको देखियो। घाइतेहरुमा गोली लागेको, हड्डी भाँचिएको, शल्यक्रिया गर्नुपर्ने तथा लामो समयसम्म उपचार आवश्यक पर्ने प्रकृतिका गम्भीर चोटहरू समेत रहेको पाइयो। केही घाइते तथा उनीहरूका परिवारले उपचारका क्रममा औषधि, आर्थिक स्रोत तथा पारिवारिक सहयोगको अभावका कारण थप कठिनाइ व्यहोर्नुपरेको समेत देखियो। घटनाको प्रत्यक्ष प्रभाव व्यक्तिको स्वास्थ्य, जीविकोपार्जन तथा पीडित परिवारको सामाजिक-आर्थिक अवस्थासम्म पुगेको देखिन्छ। मानव अधिकारको दृष्टिकोणबाट जीवनको अधिकार, स्वास्थ्य सेवामा पहुँच तथा पीडितको सम्मानजनक पुनःस्थापनाको प्रत्याभूति गर्नुपर्ने राज्यको दायित्व हो। त्यसैले यस्ता घटनाका पीडितहरूको निःशुल्क उपचार, मनोसामाजिक परामर्श, पुनःस्थापना, आवश्यक आर्थिक सहयोगलाई एकीकृत कार्यक्रम मार्फत सुनिश्चित गरिनु पर्दछ साथै आपत्कालीन स्वास्थ्य सेवा लगायत उद्धार प्रणालीलाई थप प्रभावकारी बनाइनु पर्दछ।

10. प्रदर्शनका क्रममा सञ्चार संस्था तथा सञ्चारकर्मीहरू समेत प्रत्यक्ष रूपमा आन्दोलनरत पक्षको हिंसात्मक आक्रमणको प्रत्यक्ष निशानामा परेको देखियो। विभिन्न सञ्चार गृहहरूमा तोडफोड तथा आगजनीको प्रयास भएको, समाचार सङ्कलनमा खटिएका पत्रकारहरूमाथि कुटपीट तथा दुर्व्यवहार भएको तथा सञ्चार सामग्रीमा समेत क्षति पुगेको देखियो। सञ्चार माध्यममाथिको आक्रमणले प्रेस स्वतन्त्रता, सूचनाको अधिकार तथा लोकतान्त्रिक शासन प्रणालीका आधारभूत मूल्यमान्यतामाथि प्रतिकूल प्रभाव पार्ने देखिन्छ। त्यस्तो कार्य गर्ने व्यक्ति वा समूहलाई सुरक्षाकर्मीले तत्काल नियन्त्रणमा लिइ रोक्न सकेको देखिएन । राज्यले प्रदर्शनको अवस्थामा समेत सञ्चारकर्मीको सुरक्षित रूपमा समाचार सङ्कलन गर्ने अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ। त्यसैले पत्रकारमाथि भएका आक्रमण तथा मृत्युको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कारबाही गरिनु आवश्यक देखिन्छ। त्यसैगरी प्रदर्शनका क्रममा प्रदर्शनकारीहरुले सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरुलाई विना अवरोध, भयरहित भई समाचार संकलन र अनुगमनमा सहयोग

गर्नुपर्ने दायित्व रहन्छ। साथै प्रदर्शन व्यवस्थापनका क्रममा सञ्चारकर्मीको पहिचान, सुरक्षा तथा आवागमन सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनु आवश्यक देखिन्छ।

11. घटनाको सुरक्षा व्यवस्थापन, पीडितको उद्धार तथा अनुसन्धान प्रक्रियासम्बन्धी विभिन्न पक्षबाट फरक-फरक धारणा व्यक्त भएको पाइयो। प्रत्यक्षदर्शी तथा पीडितहरूले सुरक्षाकर्मीको परिचालन, उद्धार कार्य तथा कार्यक्रमस्थल व्यवस्थापनमा कमजोरी रहेको गुनासो गरेका छन् भने कतिपय प्रत्यक्षदर्शीहरूले सुरक्षाकर्मीले अत्याधिक संयमता अपनाएको कारण प्रदर्शनकारीहरू थप अराजक बनेको धारणा समेत व्यक्त गरेको पाइन्छ। गोली प्रहार, आगलागी, मृत्यु तथा अन्य गम्भीर घटनाहरूको वास्तविक परिस्थितिबारे राज्यबाट तत्काल निष्पक्ष अनुसन्धान आवश्यक छ। मानव अधिकारको अन्तर्राष्ट्रिय मान्यताअनुसार सुरक्षाकर्मीले बल प्रयोग गर्दा वैधानिकता, आवश्यकता, समानुपातिकता तथा जवाफदेहिताको सिद्धान्त पालना गर्नुपर्दछ। प्रत्येक मृत्यु, सहित बल प्रयोगको घटनाको स्वतन्त्र, निष्पक्ष, प्रभावकारी तथा विश्वसनीय अनुसन्धान गरिनु राज्यको दायित्व हो। तर अपरान्हतिर सुरक्षाकर्मीबाट संयमतापूर्वक बल प्रयोगको सिद्धान्त बमोजिम बल प्रयोग गरेको देखिएन । घटनासँग सम्बन्धित सम्पूर्ण पक्षको निष्पक्ष अनुसन्धान गरी जिम्मेवार व्यक्ति वा निकायलाई कानुन बमोजिम उत्तरदायी बनाउनु पर्दछ। साथै भविष्यमा यस्ता घटनाको पुनरावृत्ति रोक्न सुरक्षा निकायको क्षमता अभिवृद्धि, भीड व्यवस्थापन तथा अनुसन्धान प्रणालीलाई थप सुदृढ बनाइनु आवश्यक देखिन्छ।

12. मिति २०८१/१२/१५ गते एकै दिन फरक राजनीतिक विचारधारका दुई समूहले काठमाडौंमा प्रदर्शन गर्ने कार्यक्रम तय गरेका कारण जिल्ला सुरक्षा समितिले एकीकृत विशेष सुरक्षा योजना तयार गरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागको समन्वयमा सुरक्षा परिचालन गरेको देखियो। सम्बन्धित निकायहरूले आयोजकहरूसँग पटक-पटक छलफल गरी प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने प्रतिबद्धता प्राप्त भएको उल्लेख गरेका छन्। प्रदर्शनस्थल, प्रदर्शनको रुट व्यवस्थापन, निषेधित क्षेत्रको सुरक्षा तथा संवेदनशील संरचनाको संरक्षणलाई केन्द्रमा राखी सुरक्षा रणनीति तयार गरिएको देखिन्छ। तथापि तीनकुनेको प्रदर्शन सहितको कार्यक्रम निर्धारित स्वरूपमा सञ्चालन नभई प्रदर्शनकारीहरूको समूह नै निषेधित क्षेत्रतर्फ अग्रसर भएपछि सुरक्षाकर्मीहरुको तयारीले वास्तविक परिस्थितिलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकेको देखिएन।

13. सुरक्षा निकायले पर्याप्त जनशक्ति परिचालन गरे तापनि जोखिमको प्रकृति र सम्भावित हिंसात्मक गतिविधिको पूर्व आकलन गर्न सकेको देखिएन। मानव अधिकारको दृष्टिकोणबाट शान्तिपूर्ण भेला

हुने अधिकारको सम्मान गर्दै सम्भावित जोखिमको वस्तुनिष्ठ मूल्याङ्कनको आधारमा सुरक्षा योजना तर्जुमा गरी शान्ति सुरक्षाको प्रवन्ध गर्नु राज्यको दायित्व हो। उच्च जोखिमयुक्त प्रदर्शनमा स्थान, समय, सुरक्षा संवेदनशीलता तथा आयोजकको जिम्मेवारीलाई थप प्रभावकारी रूपमा निर्धारण गरिदिनु पर्नेमा समेत राज्य संवेदनशिल हुनुपर्ने देखिन्छ । साथै परस्पर विरोधी समूहका कार्यक्रमहरू व्यवस्थापन गर्दा संवाद, समन्वय तथा जोखिम न्यूनीकरणका उपायलाई प्राथमिकता दिनु पर्ने हुन्छ।

14. सुरक्षा निकायहरूले परिस्थितिको गम्भीरताअनुसार सम्झाइबुझाइ, माइकिङ, लाठीचार्ज, अश्रुग्यास, पानीको फोहोरा, ब्ल्याङ्क फायर तथा अन्तिम विकल्पका रूपमा मात्र गोली प्रहारसम्मको सिलसिलेवार बल प्रयोग गरिएको दावी गरेका छन्। अर्कोतर्फ पीडित, सञ्चारकर्मी तथा प्रत्यक्षदर्शी तथा सरोकारवालाहरूले भने बल प्रयोगको आवश्यकता, समानुपातिकता तथा घटनास्थल व्यवस्थापनसम्बन्धी विभिन्न प्रश्न उठाएका छन्। आयोगको सदस्य सहितको टोलीले गरेको अनुगमनबाट सुरक्षाकर्मीले घरको छतबाट कार्यक्रमस्थलमा रहेको मञ्चमा अश्रुग्यास प्रहार गरेको भनी प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ । सभास्थलमा अश्रुग्यास प्रहार गरे पश्चात प्रदर्शनकारीहरुको भीड थप उत्तेजित बन्न गएको समेत देखिन्छ ।तथापि उक्त अश्रुग्यास कार्यक्रमस्थल विथोल्न थियो वा अराजक भीडलाई तितरवितर गर्न लक्षित थियो भनी खुल्न आएको देखिएन । मानव अधिकारका अन्तर्राष्ट्रिय सिद्धान्तअनुसार बल प्रयोग वैधानिक, आवश्यक, समानुपातिक तथा जवाफदेही हुनुपर्दछ। प्राप्त तथ्यहरूबाट घटनाको सन्दर्भमा फरक फरक दाबी रहेको देखिएकाले सत्यतथ्य स्थापित गर्न विश्वसनीय फौजदारी अनुसन्धान अपरिहार्य देखिन्छ। अनुसन्धान प्रक्रियाले पीडितको न्याय प्राप्त गर्ने अधिकार तथा नागरिकको विश्वासलाई समेत सुदृढ गर्ने भएकाले सम्पूर्ण घटनाको निष्पक्ष अनुसन्धान गरी पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चित गरिनु मानव अधिकारसँग सरोकार राख्ने विषय नै हो ।

15. अनुगमनका क्रममा प्राप्त विवरणअनुसार कार्यक्रम आयोजक नै प्रदर्शनको मूल उद्देश्यबाट विचलित भई हिंसात्मक गतिविधि भएको र त्यसको प्रमुख जिम्मेवारी आयोजक तथा हिंसात्मक गतिविधिमा संलग्न व्यक्तिहरूले लिनुपर्दछ। अर्कोतर्फ सुरक्षा व्यवस्थापन, जोखिम मूल्याङ्कन तथा उद्धार कार्यमा सुधार आवश्यक रहेको छ। लोकतान्त्रिक समाजमा प्रदर्शन आयोजकको प्राथमिक जिम्मेवारी र दायित्व आफ्ना सहभागीहरूलाई शान्तिपूर्ण तथा कानुनसम्मत रूपमा कार्यक्रम सञ्चालन गराउनु हो। त्यसैगरी राज्यको दायित्व भित्र प्रदर्शनलाई सहजीकरण गर्दै सुरक्षा व्यवस्थापन गरी नागरिकको जीवन, निजी सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु पनि हो। प्राप्त तथ्यहरूले दुवै पक्षको उत्तरदायित्वलाई गम्भीर रूपमा मूल्याङ्कन गर्नुपर्ने आवश्यकता देखाएका छन्। प्रदर्शनको आयोजकले स्वयम् हिंसात्मक गतिविधि, भड्काउ अभिव्यक्ति तथा सार्वजनिक सम्पत्तिमा भएको

क्षतिप्रति जिम्मेवारी र जवाफदेही हुनु पर्दछ। आयोजकले शान्तिपूर्ण सभा सम्मेलन तथा प्रदर्शन नगरेमा त्यसलाई कानूनसम्मत तवरबाट नियन्त्रणमा लिई अन्य प्रकृया अगाडि बढाउनु पर्नेमा समेत सुरक्षाकर्मी चुकेको देखिन्छ । सुरक्षा निकायको कार्यसम्पादन, निर्णय प्रक्रिया तथा बल प्रयोगसम्बन्धी विषयको समेत वस्तुगत समीक्षा गरी आवश्यक संस्थागत सुधार गरिनु आवश्यक छ। भविष्यमा यस्ता घटनाको पुनरावृत्ति रोक्न आयोजक, प्रशासन, सुरक्षा निकाय बीच समन्वय प्रणाली विकास गरिनु आवश्यक देखिन्छ ।

16. आन्दोलन हिंसात्मक भई झडप हुँदा सुरक्षाकर्मी र प्रदर्शनकारी गरी कुल १२८ जना घाइते भएको पाइएको छ । घाइतेहरूको विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १ : मानवीय क्षतिको विवरण

| क्र.सं. | विवरण/समूह | कुल संख्या | हाल उपचाररत | कैफियत (मृत्यु/अवस्था) |
|---|---|---|---|---|
| १ | नेपाल प्रहरी | ५५ जना घाइते | ५ जना | शान्ति सुरक्षा कायम गर्ने क्रममा घाइते |
| २ | सशस्त्र प्रहरी बल | २२ जना घाइते | १ जना | प्रदर्शन नियन्त्रणका क्रममा घाइते |
| ३ | प्रदर्शनकारी तथा सर्वसाधारण | ५१ जना घाइते | १६ जना | २ जनाको मृत्यु (सुरेश रजक र सबिन महर्जन) |
| कुल | जम्मा घाइते | १२८ जना घाइते | २२ जना | २ जनाको मृत्यु |

तालिका नं. २: रबर बुलेट तथा गोली लागी घाइते भएका प्रदर्शनकारीहरूको विवरण

| क्र.सं. | नाम | लिङ्ग | वतन | अवस्था |
|---|---|---|---|---|
| १ | रामहरी श्रेष्ठ | पुरुष | जिल्ला काभ्रे पनौती, हाल जडीबुटी | मध्यम, उपचाररत |
| २ | रेबिका खत्री | महिला | उदयपुर, हाल ग्वार्को | मध्यम, उपचाररत |
| ३ | डिल्ली प्रसाद लुईटेल | पुरुष | भोजपुर टयाम्केमैयुङ–९ | मध्यम, उपचाररत |
| ४ | सम्भु दर्जी | पुरुष | भोजपुर रामप्रसाद राई–१ | सामान्य, उपचाररत |
| ५ | अम्मर थापा | पुरुष | काठमाडौं, कीर्तिपुर | डिस्चार्ज |
| ६ | बालकृष्ण न्यौपाने | पुरुष | भक्तपुर | डिस्चार्ज |
| ७ | राजन सापकोटा | पुरुष | पर्वत, हाल किर्तिपुर | डिस्चार्ज |

| | | | | |
|---|---|---|---|---|
| ८ | सुमन गुरुङ | पुरुष | स्याङ्जा | डिस्चार्ज |
| ९ | आषिश बोहोरा | पुरुष | बैतडी, हाल बानेश्वर | डिस्चार्ज |
| १० | विकास कुमार गौतम | पुरुष | काठमाडौं, शान्तिनगर | डिस्चार्ज |
| ११ | विशाल निरौला | पुरुष | सोलुखुम्बु, हाल चावहिल | डिस्चार्ज |
| १२ | कुमार जंग राना | पुरुष | काठमाडौं, धुम्बाराही | डिस्चार्ज |
| १३ | राज कुमार कार्की | पुरुष | धादिङ, हाल बालाजु | डिस्चार्ज |
| १४ | राजेन्द्र रावल | पुरुष | अछाम, हाल मुलपानी | डिस्चार्ज |
| १५ | राज हुमागाई | पुरुष | काठमाडौं महानगरपालिका–३२ | डिस्चार्ज |
| १६ | दिनेश कुमार खत्री | पुरुष | उदयपुर, हाल ग्वार्को | डिस्चार्ज |
| १७ | जानसोन राई | पुरुष | खोटाङ, हाल पुरानो ठिमी | डिस्चार्ज |
| १८ | इन्द्र माया लिम्बु | महिला | झापा, हाल नरेफाँट | डिस्चार्ज |
| १९ | कन्चन राई | पुरुष | खोटाङ दिप्रुङ चुईचुम्मा–३ | डिस्चार्ज |
| २० | प्रिलस कुमार पोदार | पुरुष | भारत, हाल टेकु | डिस्चार्ज |

तालिका नं. ३: अन्य कारणबाट घाइते भई उपचार पश्चात् डिस्चार्ज भएका प्रदर्शनकारीहरूको विवरण

| क्र.सं. | नाम | लिङ्ग | वतन | चोट विवरण |
|---|---|---|---|---|
| १ | राजु श्रेष्ठ | पुरुष | कामनपा–८ | टाउकोमा सामान्य चोट |
| २ | करीना शाही | महिला | नयाँ बजार, काठमाडौं | दुवै हातमा चोट |
| ३ | तारानाथ हुमागाई | पुरुष | रौतहट, हाल बुढानीलकण्ठ | दाहिने खुट्टा र बायाँ कोखामा चोट |
| ४ | हुमराज खनाल | पुरुष | ललितपुर, बालकुमारी | टाउकोमा चोट |
| ५ | समर्पण थापा | पुरुष | भक्तपुर | देब्रे खुट्टामा चोट |
| ६ | दिपक शाही | पुरुष | बाजुरा, हाल बानेश्वर | टाउकोमा चोट |
| ७ | गणेश नेपाली | पुरुष | मुगु, हाल भक्तपुर | ढाडमा चोट |
| ८ | सानु थानी | पुरुष | भक्तपुर | खुट्टामा चोट |
| ९ | किशोर श्रेष्ठ | पुरुष | भक्तपुर | मुखमा चोट |
| १० | पुस्कल राज के.सी. | पुरुष | काठमाडौं | टाउकोमा चोट |
| ११ | राजव श्रेष्ठ | पुरुष | काठमाडौं | अण्डकोषमा चोट |

| | | | | |
|---|---|---|---|---|
| १२ | बद्री बन | पुरुष | सिनामंगल, काठमाडौं | टाउकोमा चोट |
| १३ | निराजन बम | पुरुष | कालीकोट, हाल कपन | गालामा चोट |
| १४ | ओम बहादुर श्रेष्ठ | पुरुष | सिन्धुपाल्चोक, हाल मुलपानी | सामान्य चोट |
| १५ | माधव कँडेल | पुरुष | नुवाकोट, हाल बालाजु | सामान्य चोट |
| १६ | शंकर तिवारी | पुरुष | ललितपुर | सामान्य चोट |
| १७ | निखिल कार्की | पुरुष | मैतीदेवी, काठमाडौं | दाहिने खुट्टामा चोट |
| १८ | उद्धव श्रेष्ठ | पुरुष | धादिङ, आरुघाट | दाहिने हातमा चोट |
| १९ | रोजन पहरी | पुरुष | काभ्रे, हाल शान्तिनगर | देब्रे हातमा चोट |
| २० | सुजन थापा | पुरुष | गोरखा, हाल सामाखुशी | टाउकोमा चोट, अवस्था सामान्य |
| २१ | सन्तोष बोहरा | पुरुष | रामेछाप | टाउकोमा चोट, सामान्य |
| २२ | विकास संग्रौला | पुरुष | ललितपुर, धापाखेल | टाउकोमा चोट, सामान्य |
| २३ | मनी सिम्खडा | पुरुष | काठमाडौं | टाउकोमा चोट, सामान्य |
| २४ | किसन सिंह महत | पुरुष | दार्चुला, हाल ललितपुर | बायाँ कानमा चोट |
| २५ | गणेश तामाङ | पुरुष | उदयपुर, हाल गोंगबु | दाहिने खुट्टाको गोलिगाँठोमा चोट |
| २६ | दिपेन्द्र खड्का | पुरुष | ललितपुर, भैंसीपाटी | ओठको भागमा चोट |
| २७ | प्रधुमन के.सी. | पुरुष | कलंकी, काठमाडौं | सामान्य चोट |
| २८ | पंकज भट्टराई | पुरुष | तनहुँ, बन्दीपुर–३ | टाउकोमा चोट |
| २९ | प्रकाश वली | पुरुष | दाङ, तुल्सीपुर–११ | दाहिने हातमा चोट |
| ३० | युगेश रावल | पुरुष | बर्दिया, हाल थानकोट | टाउकोमा चोट |
| ३१ | सूर्य महर्जन | पुरुष | गोदावरी–१२, ललितपुर | दाहिने हातको पातामा चोट |
| ३२ | श्यामलाल अमात्य | पुरुष | महालक्ष्मी, चाँगाथली | बायाँ खुट्टामा चोट |
| ३३ | रुद्र कार्की | पुरुष | सिन्धुली, हाल कोटेश्वर | दाहिने हात, टाउकोमा अलकत्राले पोलेको |

| | | | | |
|---|---|---|---|---|
| ३४ | रामचन्द्र बुढाथोकी | पुरुष | दोलखा, हाल कोटेश्वर | दाहिने हातमा चोट, गोली लागेको दाबी (पुष्टि हुन बाँकी) |

तालिका नं. ४: नेपाल प्रहरीतर्फ घाइते भएका सुरक्षाकर्मीहरूको विवरण

| क्र.सं. | नाम | पद | घाइते अवस्था |
|---|---|---|---|
| १ | भुवनेश्वर साह | प्र.ना.उ. | हातमा चोट |
| २ | हिरेन्द्र रोका | प्र.ना.उ. | छातीमा दुखाइ |
| ३ | बिरेन्द्र गोदार | प्र.ना.उ. | बायाँ कम्मरमा सामान्य चोट |
| ४ | सबिन कुमार कार्की | प्र.नि. | बायाँ छातीमा दुखाइ |
| ५ | उपेन्द्र आचार्य | प्र.नि. | दाहिने हातमा चोट |
| ६ | राजीव थापा | प्र.स.नि. | दाहिने हातमा चोट (डिस्चार्ज) |
| ७ | शुसिल थापा | प्र.स.नि. | ढाडमा चोट |
| ८ | हेमचन्द्र चौबे | प्र.स.नि. | सामान्य चोट |
| ९ | सिता कुमारी साही | प्र.ह. | खुट्टामा चोट |
| १० | आशिष परियार | प्र.ज. | सामान्य चोट |
| ११ | प्रदिप सिंजापति | प्र.ज. | सामान्य चोट |
| १२ | गिता कडेल | प्र.ज. | सामान्य चोट |
| १३ | अन्जन चौधरी | प्र.ज. | दाहिने आँखामा चोट |
| १४ | सुधन गुरुङ | प्र.स.ह. | बायाँ खुट्टा र छातीमा चोट |
| १५ | अर्जुन बस्याल | प्र.स.ह. | छातीमा दुखाइ |
| १६ | रवि कुमार श्रेष्ठ | प्र.स.ह. | बायाँ हात र औंलामा चोट |
| १७ | टेकेन्द्र खड्का | प्र.ज. | पेटमा चोट |
| १८ | नरेश घर्ती | प्र.ज. | दाहिने हातमा चोट |
| १९ | मान ब. रावल | प्र.ब.ह. | दाहिने हातमा चोट |
| २० | भुवन बराल | प्र.ज. | छातीमा चोट |
| २१ | सुनिल हरिजन | प्र.ज. | पाखुरामा चोट |
| २२ | लोक भुल | प्र.ज. | दाहिने तिघ्रामा चोट |
| २३ | जनकराम बि.क. | प्र.ज. | दाहिने हातमा चोट |
| २४ | हरीबहादुर तामाङ | प्र.स.नि. | खुट्टामा चोट |
| २५ | मानबहादुर राई | प्र.ब.ह. | खुट्टामा चोट |
| २६ | करन चन्द | प्र.ह. | खुट्टामा चोट |
| २७ | लेखनाथ घिमिरे | प्र.स.ह. | खुट्टामा चोट |
| २८ | समिर बि.क. | प्र.स.ह. | खुट्टामा चोट |

| | | | |
|---|---|---|---|
| २९ | प्रकृति चौधरी | प्र.ज. | खुट्टामा चोट |
| ३० | कालुसिंह साउद | प्र.ज. | खुट्टामा चोट |
| ३१ | रमेश खडायत | प्र.ज. | खुट्टामा चोट |
| ३२ | धनबहादुर चन्द | प्र.ह. | सामान्य घाइते |
| ३३ | सन्जय कुमार सुनुवार | प्र.ज. | सामान्य घाइते |
| ३४ | महेश राम लुहार | प्र.ज. | सामान्य घाइते |
| ३५ | रुपक बडाल | प्र.ज. | सामान्य घाइते |
| ३६ | सुरेश बोहरा | प्र.ज. | सामान्य घाइते |
| ३७ | रविन्द्र खाती | प्र.ज. | सामान्य घाइते |
| ३८ | दुर्गाराज मल्ल | प्र.स.नि. | अण्डकोषमा चोट |
| ३९ | दिपेश राई | प्र.ज. | बायाँ खुट्टामा चोट |
| ४० | सन्देश गुरुङ | प्र.ज. | बायाँ खुट्टामा चोट |
| ४१ | पुजा कुमाल | प्र.ज. | टाउकोमा चोट |
| ४२ | सबिता भट्टराई | प्र.ज. | दाहिने हातको औँलामा चोट |
| ४३ | राजेन्द्र सिंह धामी | प्र.ज. | दाहिने हातमा चोट |
| ४४ | हरि पन्त | प्र.ज. | बायाँ खुट्टामा चोट |
| ४५ | प्रकाश बोहरा | प्र.ज. | बायाँ खुट्टामा चोट |
| ४६ | मनोज बोहरा | प्र.ज. | दाहिने खुट्टाको औँलामा चोट |
| ४७ | जय चौधरी | प्र.स.ह. | बायाँ खुट्टामा चोट |
| ४८ | उमन गुरुङ | प्र.ज. | सामान्य चोट |
| ४९ | युवराज पण्डित | प्र.ज. | बायाँ हातमा चोट |
| ५० | कृष्णबहादुर दमाई | प्र.ह. | बायाँ खुट्टामा चोट |
| ५१ | रामकृष्ण चौलागाई | प्र.स.ह. | टाउकोमा चोट |
| ५२ | मिलन थापा | प्र.ज. | हातमा सामान्य चोट |
| ५३ | जगदबहादुर रोकाय | प्र.ज. | टाउकोमा सामान्य चोट |
| ५४ | संजय नेपाली | प्र.ज. | टाउकोमा सामान्य चोट |
| ५५ | जेनिश बि.क. | प्र.ज. | चिउँडोमा चोट |

तालिका नं. ५: सशस्त्र प्रहरी बलतर्फ घाइते भएका २५ जनाको विवरण

| क्र.सं. | नाम | दर्जा | घाइते विवरण |
|---|---|---|---|
| १ | आशिष गैडा | सप्रनि | कुमको हड्डि फ्र्याक्चर भएको |
| २ | संजय कुमार राई | सप्रबह | ओठ काटेको |
| ३ | डोल बहादुर थापा | सप्रह | बायाँ खुट्टामा चोट लागेको |
| ४ | निलम थापा | सप्रह | कानमा चोट लागेको |

| | | | |
|---|---|---|---|
| ५ | राजेन्द्र खड्का | सप्रह | बायाँ हातको बुढी औंला भाँचिएको |
| ६ | गोविन्द थापा | सप्रसह | दायाँ खुट्टा र दायाँ हातमा चोट लागेको |
| ७ | कोपिला थापा | सप्रसह | कानको मुनी चोट |
| ८ | सुरेश थापा | सप्रसह | नाकको हड्डी भाँचिएको |
| ९ | सन्जना कार्की | सप्रसह | मुख, दुवै हात र खुट्टामा चोट |
| १० | पर्शुराम लामीछाने | सप्रनि | बायाँ हातमा चोट |
| ११ | सुमन भट्टराई | सप्रसह | टाउको र हातमा चोट लागेको |
| १२ | घनश्याम गिरी | सप्रसह | बायाँ हातमा चोट |
| १३ | होम ब. खड्का | सप्रसह | बायाँ खुट्टामा चोट |
| १४ | सबिता ढकाल | सप्रसह | बायाँ खुट्टामा चोट |
| १५ | पशुपति पुरी | सप्रनि | टाउकोमा चोट, बायाँ हातको माझी औंलामा चोट |
| १६ | चन्द्र बहादुर बुढा | सप्रबह | बायाँ हातको कुहिनामा चोट/छातिमा चोट |
| १७ | समिर वि.क. | सप्रसह | दाहिना हातको पाता सुन्निएको |
| १८ | भुवनेश्वरी नगरकोटी | सप्रज | टाउको काटेको |
| १९ | चक्र ठगुन्ना | सप्रज | दाहिना हात भाँचिएको |
| २० | कृष्ण श्रेष्ठ | सप्रज | बायाँ कुम र बायाँ तिघ्रामा चोट |
| २१ | मनप्रसाद जवेगु | सप्रज | नाकमा चोट |
| २२ | सरोजकुमार घर्ती | सप्रज | दाहिना हातमा चोट |
| २३ | गोबिन्द चौधरी | सप्रज | निधार सुन्निएको |

**भौतिक सम्पत्ति क्षतिको विवरणः**

प्रदर्शनकारीहरूको तोडफोड र आगजनीका कारण तीन दर्जनभन्दा बढी निजी घर, पसल, मिडिया हाउस र कार्यालयहरूमा क्षति पुगेको पाइएको छ जुन यसप्रकार छः

- सरकारी तथा संस्थानको (जडीबुटी कार्यालय)सवारी साधनः कुल ३९ वटा गाडी (२५ वटा पूर्ण रूपमा क्षति, १४ वटा आंशिक क्षति) तथा ६ वटा स्कुटर र मोटरसाइकल।
- निजी तथा सरकारी भवनः १८ वटा भवनहरूमा तोडफोड र आगजनी। औद्योगिक क्षेत्र (जडीबुटी): सञ्चो उत्पादन तथा प्रशोधन कम्पनीमा आगजनी हुँदा अत्याधुनिक मेसिन, ४ वटा

गाडी, प्रशासनिक भवन, हावा प्रतिरोधात्मक कोठा (GNP भवन) र १५ देखि २० लाख खाली सिसी, बट्टा तथा बिर्काहरू जलेर नष्ट।

- व्यापारिक तथा राजनीतिक केन्द्रः कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केटमा तोडफोड र लुटपाट; तीनकुनेको सुनौलो बचत तथा सहकारी भवनमा आगजनी; सुविधानगरको राज भवनका ६ निजी संस्था, प्रभु कम्प्लेक्सका ३ निजी संस्था र एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा तोडफोड भएको।

**प्रहरीको गिरफ्तारी र सुरक्षाकर्मीको व्यवहारः**

- हिंसात्मक प्रदर्शनको आरोपमा नेपाल प्रहरीले कुल १११ जनालाई गिरफ्तार गरेकोमा ७१ जनालाई हिरासतमा राखी अनुसन्धानका लागि म्याद थप गरेको छ। पक्राउ पर्नेहरूमा राप्रपाका उपाध्यक्ष रवीन्द्र मिश्र, सांसद धवलशमशेर राणा, अधिवक्ता स्वागत नेपाल, मुनिन्द्रराज भण्डारी, पशुपति खड्का, दुर्गा प्रसाईं समेत रहेका छन्। हिरासतमा रहेका राजनीतिक दलका नेतृत्वलाई सुरक्षाकर्मीले म्याद थपका लागि अदालत लैजाँदा हतकडी लगाउने जस्ता व्यवहारलाई मानव अधिकारमैत्री व्यवहार भन्न मिल्ने देखिएन ।

१७. मिति २०८१।१२।१५ गतेको प्रदर्शन अघि राजसंस्था पुर्नस्थापनाका लागि भन्दै गठित समितिले संयोजक नवराज सुवेदीलाई तोकेको भनी विभिन्न संचारमाध्यममा समाचारहरु प्रकाशित भएको पाइन्छ । प्रदर्शन हिंसात्मक भएपछि निज नवराज सुवेदीलाई आफ्नै निवासमा स्थानहदमा राखिएको पाइयो । आयोगको सदस्य सहितको टोली निजको अवस्थाबारे बुझ्न जाँदा लामो समयसम्म निजलाई भेट्न कुर्नु परेको थियो । घर कम्पाउण्ड र बाहिर रहेका सुरक्षाकर्मीले कडा चेकजाँच पछि घर परिवारका सदस्यलाई मात्र भेटघाटमा पहुँच दिएको अनुगमनको क्रममा पाइयो । निजलाई २०८१ चैत्र १५ गते देखि २०८२ बैशाख ८ गतेसम्म गुहेश्वरी स्थित निवासमा स्थानहदमा विना पूर्जी राखेको पाइएको छ । विना पूर्जी विभिन्न १९ प्रकारका औषधि सेवन गरीरहनुपर्ने बयोबृद्ध बरिष्ठ राजनीतिज्ञ नवराज सुवेदीको स्थानहदलाई निजकै सुरक्षाको लागि राखिएको भन्ने सुरक्षाकर्मीको भनाई रहेको देखिन्छ । तथापि निज सुवेदीले सुरक्षा माग गरेको भन्ने अनुसन्धानको क्रममा खुल्न नआएको साथै सुरक्षा चुनौति भए नभएको विषयमा निजसँग कुनैपनि संवाद गरेको नदेखिएको तथा आवश्यक कानूनी प्रकृया समेत पुरा नगरी सुरक्षा निगरानी राखेको देखिन्छ । तत्कालीन सरकारमा रहेका राजनीतिक नेतृत्व, उच्च पदस्थ अधिकारी, प्रशासन वा प्रहरीका उच्च नेतृत्वको आदेश विनानै वरिष्ठ राजनीतिज्ञ नवराज सुवेदीलाई स्थानहदमा राखिएको भन्ने भनाईमा सत्यता भेटिँदैन ।निजको स्थानहद सार्वजनिक सुरक्षा

ऐन २०४६ को दफा ३.२ बमोजिमको व्यवस्थाको प्रतिकुल रही नागरिकको स्वतन्त्रताको हक हनन् गरेको देखिन आउँछ ।

१८. आन्दोलनलाई शान्तिपूर्ण प्रदर्शन गर्ने भनेता पनि हिंसात्मक गतिविधि गरेको र संचारगृहमा नियोजित रुपमा आक्रमण गर्ने प्रदर्शनकारी र समयमै पर्याप्त सुरक्षा उपलब्ध गराउन नसक्ने सुरक्षा निकाय दुवैको कारण भएको क्षतिप्रति आन्दोलनरत प्रदर्शनकारी र सुरक्षाकर्मी दुवैको जिम्मेवारी रहेको देखिन्छ ।

१९. यसरी माथि विभिन्न प्रकरणहरुमा विश्लेषण गरिएबमोजिम संविधानले दिएको शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रता विचार तथा अभिव्यक्ति स्वतन्त्रता लगायतका विषयलाई लिएर शुरु भएको प्रदर्शन हिंसात्मक हुन गई सुरक्षाकर्मीको गोली लागि १ जनाको मृत्यु भएको र प्रदर्शनकारीले घरमा आगो लगाउँदा समाचार संकलन रिर्पोटिङ्ग लगायत दृश्यहरु खिचीरहेका पत्रकार सुरेश रजकको जलेर मृत्यु भएको अवस्था छ। सुरक्षाकर्मीको गोली लागि घाइते भएका प्रदर्शनकारीहरु, प्रदर्शनकारीहरुको ढुंगामुडा लगायतका घरेलु हतियारबाट घाइते भएका सुरक्षाकर्मीहरु तथा अन्य सर्वसाधारण साधारण देखि गंभिर अवस्था र आजीवन अपांगता भई बस्नुपर्ने अवस्थाका घाइतेहरुको अवस्था हेर्दा तत्कालीन तत् तत् जिम्मेवार सुरक्षा प्रमुख, प्रशासन प्रमुखहरु तथा प्रदर्शनकारीको नेतृत्वहरु जिम्मेवार होइनन् भन्न सकिने अवस्था देखिएन ।शान्तिपूर्ण प्रदर्शन गर्ने भनी जिल्ला प्रशासन कार्यालयमा लिखित निवेदन दिई आयोजना गरेको प्रदर्शन हिंसात्मक हुनमा सुरक्षा कमजोरी भएको तथ्य कामबाट फर्की घर जान लागेका रेविका खत्री र दिनेश खत्रीलाई कोटेश्वरमा गोली लागेको घटनाबाट देखिन्छ ।तत्कालीन प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रमुख तथा फिल्ड कमाण्डरहरु र राष्ट्र राष्ट्रियता, धर्म, सस्कृति र नागरिक बचाउ महाअभियान नेपालका कमाण्डर (नेता)ले आयोग समक्ष बयान दिंदा प्रचलित कानून बमोजिम भएको भनी जिकिर लिएतापनि उक्त दिनमा जुन परिस्थितिको सृजना भयो त्यसको मुख्य कारकको रुपमा निजहरु नै रहेको देखिन्छ ।

## सिफारिस खण्ड

माथि उल्लेखित तथ्य र विश्लेषणको आधारमा प्रदर्शनकारीले वर्तमान गणतान्त्रिक शासन व्यवस्था, संघीयताको खारेजी, संवैधानिक राजतन्त्रको पुनर्स्थापनाको मागसहित जनआन्दोलन घोषणा सभाको आयोजना गरेको देखिन्छ। संविधानले विचार र अभिव्यक्तिको स्वतन्त्रता सहित पूर्ण प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण सभा सम्मेलन गर्न पाउने मानव अधिकारलाई मौलिक हकमै सुनिश्चित गरेको छ । अतः माथि तथ्य खण्डमा गरिएको विवेचना र विश्लेषण र अनुसन्धान समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ अनुसार नेपाल सरकारलाई देहाय बमोजिम गर्न गराउन सिफारिश गर्ने निर्णय गरियोः

१. जिल्ला सुरक्षा समिति काठमाडौंका पदाधिकारी र प्रमुख जिल्ला अधिकारीबाट २०८१ चैत्र १५ गतेको घटनापूर्वका आयोजकहरूको गतिविधिको सूक्ष्म रुपले वस्तुनिष्ठ मूल्यांकन गरी सुरक्षायोजना तर्जुमा गरी कार्यान्वयन गर्न नसकेको, जिल्ला सुरक्षा समितिबाटपारित एकीकृत विशेष सुरक्षा योजना २०८१ बमोजिम सुरक्षा बन्दोवस्ती, परिचालन हुने सुरक्षा जनशक्तिलाई निर्णय भएबमोजिम परिचालन गरी स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ७ बमोजिम शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने काम प्रभावकारी रुपले सम्पादन हुन नसकेको, बैकल्पिक सुरक्षा तयारी तथा रणनीति अवलम्बन गरी भीड नियन्त्रण सम्बन्धी आवश्यक सुरक्षा प्रवन्ध गर्न नसकेको समेतको कारण मानव अधिकारको उल्लंघन रोक्न सकेको नदेखिँदा काठमाडौं जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, जिल्ला प्रहरी परिसर काठमाडौंका तत्कालीन प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारी, प्रहरी उपरीक्षक अपिलराज बोहोरा, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी उपरीक्षक शैलेश श्रेष्ठ सहितका पदाधिकारीलाई नेपालको संविधानको धारा २४९ को उपधारा २ को देहाय (ख) बमोजिम कारबाही गर्न र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ५(१) बमोजिम प्रधान मन्त्री तथा मन्त्री परिषद कार्यालय, गृह मन्त्रालय, नेपाल पहरी तथा सशस्त्र प्रहरी बलका सम्बन्धित पदाधिकारीलाई ध्यानाकर्षण गराउन ।

२. २०८१ चैत्र १५ गतेको तीनकुने घटनामा परी मृत्यु भएका सविन महर्जन र सुरेश रजकका परिवारलाई अन्य आन्दोलनको क्रममा मृत्यु भएका व्यक्ति सरह राहत क्षतिपूर्ति उपलब्ध गराउन र यस आयोगको अनुसन्धान प्रतिवेदनवाट घाईते देखिएका पूर्व पृष्ठका तालिकामा उल्लेखित घाइतेहरुलाई समेत सोही मापदण्ड बमोजिम राहत क्षतिपूर्ति उपलब्ध गराउन ।

३. तीनकुने घटनामा सुरक्षाकर्मीको बल प्रयोगबाट मृत्यु भएका र आन्दोलनमा संलग्न नभइ प्रदर्शनस्थल भन्दा वाहिर घर तर्फ जाँदै गरेको अवस्थामा रेविका खत्री र दिनेश खत्रीलाई सुरक्षाकर्मीको गोली लागेको तथा घाइतेको अवस्था समेतलाई हेर्दा खटिएका सुरक्षाकर्मीले आफूसँग भएको श्रोत साधन वा

हतियारको प्रयोग बदनियत वा हेलचेक्र्याई साथ प्रयोग गरेको हो,होइन वा श्रोत साधन वा हतियार वा वल प्रयोग आवश्यक थियो थिएन भन्ने सम्बन्धमा नेपाल प्रहरीका फिल्ड कमाण्डर अपिलराज बोहोरा र सशस्त्र प्रहरी बल नेपालका फिल्ड कमाण्डर सशस्त्र प्रहरी उपरीक्षक शैलेश श्रेष्ठ र निजहरु मार्फत अन्य सुरक्षाकर्मी समेतको संलग्नता बारे अनुसन्धान गरी जिम्मेवार सुरक्षाकर्मीलाई प्रहरी नियमावली २०७१ को नियम ६७ को उपनियम ३ बमोजिम आवश्यक कारबाही गर्न ।

४. विना हतियार शान्तिपुर्वक भेला हुने र आफ्नो विचार राख्ने र शान्तिपुर्ण विरोध प्रदर्शन गर्ने अधिकार लोकतान्त्रिक मुलुकमा रहन्छ । यो नैसर्गिक मानव अधिकार पनि हो । जसलाई नेपालको संविधानको धारा १७ ले मौलिक हकको रूपमा स्थापित पनि गरेको छ । यस्तो अभिव्यक्तिको स्वतन्त्रता र विना हतियार शान्तिपुर्वक भेलाहुने र प्रदर्शन गर्ने स्वतन्त्रता असिमित र निरपेक्ष हुन पनि सक्दैन भन्ने कुरा ऐः धारा १७(२) को प्रतिवन्धात्मक बाक्यांसले स्पष्ट पारेकै छ तर तत सम्वन्धमा ऐन निर्माण भएको नदेखिदा मानव अधिकारको सुनिश्चितता गर्दै अभिव्यक्तिको स्वतन्त्रताको दुरूपयोग भई रहेका गलत सूचना, भ्रामक सूचना, झुट्टा सूचना, गाली गलौज (Misinformation, Disinformation, Fake News , Hate Speech) आदि कानूनी रुपमा स्पष्ट गरी दण्डनिय बनाउन र शान्तिपुर्णरुपमा आयोजना हुने सभा तथा विरोध जुलुसहरूलाई नियन्त्रण नगरी नियमन गर्न।

५. काठमाडौंमा फरक फरक विचारधारा भएका राजनीतिक दल वा सङ्गठनलाई एकै दिन कार्यक्रम सञ्चालन गर्न अनुमति दिनु प्रशासनको प्रथम दृष्टिमै कमजोरी देखियो । त्यसमा पनि अन्तर्राष्ट्रिय विमानस्थल, पेट्रोल पम्प, Aviation Turbine Fuel भण्डारण र संघीय संसद भवन र अति व्यस्त सडकहरु जस्ता अति संवेदनशील क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न अनुमति दिनु अर्को गम्भिर त्रुटी भएको पाइयो । अतः सभा सम्मेलन तथा जुलुसहरुको लागि निश्चित स्थान तोक्नु पर्ने देखिन्छ । त्यसै गरी एकै दिन, समय र स्थानमा फरक विचारधाराका दलहरुलाई कार्यक्रम गर्न स्वीकृति दिनु त्रुटीपूर्ण भएकोले त्यसतर्फ विशेष ध्यान दिन ।

६. घटनाको अवस्था हेर्दा सुरक्षा निकायले म्याद नाघेका अश्रुग्याँसको व्यापक प्रयोग गरेको, सुरक्षाकर्मीहरुलाई पर्याप्त स्रोत साधनको अभाव हुने गरेको, लामो समयदेखि बन्दोवस्तीका सामानहरु खरिद नगरिएको भन्ने सुरक्षा निकायका पदाधिकारीको बयानको क्रममा खुल्न आएको हुँदा पर्याप्त स्रोत साधनको व्यवस्था गर्न तथा म्याद नाघेका अश्रुग्याँस प्रयोग नगर्न नगराउन ।

७. सुरक्षाकर्मीको मनोबल उच्च राख्ने किसिमका कार्यक्रम सञ्चालन गर्न, भीड नियन्त्रणका लागि घातक हतियारको प्रयोग नगर्न र गर्नै पर्ने भएमा कम भन्दा कम क्षति हुने किसिमका हतियारको प्रयोग गर्न विशेष ध्यान पुर्याउन ।

८. आयोगको अनुगमन टोलीका सदस्यलाई नै प्रदर्शनकारीबाट सांघातिक आक्रमण भएको घटनाको सम्बन्धमा नेपाल प्रहरीबाट अनुसन्धान भइरहेकोले दोषीलाई कानून बमोजिम कारबाही गर्न र मानव अधिकारको स्वतन्त्र अनुगमनमा अवरोध नगर्न नगराउन।

९. सामाजिक सञ्जालहरुको व्यापक दुरुपयोग गरी अफवाह फैलाउने, आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी तस्वीर तथा दृष्यहरुलाई सम्पादन गरी डरत्रास फैलाउने, जनमानसमा नकारात्मक भावना फैलाउने, उत्तेजित बनाउने लगायतका कार्यहरु व्यापक रुपमा भएको पाइएकोले यस्ता कार्यहरुलाई निरुत्साहित गर्नको लागि तत्काल प्रभावकारी ऐन निर्माण गरी समाजिक सञ्जाल र आर्टिफिसियल इन्टलिजेन्सको दुरूपयोग नियमन गर्न गराउन।

१०. सबै राजनीतिक दलको संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रता, सभा सम्मेलन गर्ने स्वतन्त्रतालाई निर्वाध रुपमा उपभोग गर्न सक्ने वातावरणको सुनिश्चितता गर्न ।

११. प्रहरीले राजनीतिक दलका नेतृत्वलाई प्रहरी हिरासतबाट जिल्ला अदालत काठमाडौंमा म्याद थपको लागि लैजाँदा हतकडी लगाउने, परिवारलाई समयमा नै सूचना उपलब्ध नगराउने जस्ता कार्य भएको देखिँदा सो तर्फ सचेत हुन ।

१२. ८५ वर्षको उमेर नाघी सकेका ज्येष्ठ नागरिक राजनीतिज्ञ नवराज सुवेदीलाई निजको निवासमै गैर कानूनी रुपमा २५ दिनसम्म स्थान हदमा बिना पूर्जी राखेको पाइएकोले तत्कालीन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम तिवारीलाई सचेत गराई आगामी दिनमा यस्ता प्रकृतिका घटना नदोहोर्याउन ।साथै निज नवराज सुवेदीलाई गैर कानूनी रुपमा स्थानहदमा राखेको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम २५ बमोजिम दैनिक रू. ५००।-का दरले २५ दिनको रू. १२,५००।-(बाह्र हजार पाँचसय) क्षतिपुर्ति उपलब्ध गराउन ।

१३. तत्कालीन सरकार प्रमुख तथा मन्त्रीहरुले६+ फरक आस्था र विचार राख्ने दल वा समूह प्रति घृणाजन्य अभिव्यक्ति दिएको संचार माध्यममा प्रकाशित तथा प्रसारित समाचारबाट देखिन आएकोले जिम्मेवार नेतृत्वबाट हुने यस्ता कार्यबाट नकारात्मक प्रभाव पर्ने भएकाले त्यसतर्फ सचेत रहन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५(१) बमोजिम ध्यानाकर्षण गराउन ।

१४. राष्ट्रिय मानव अधिकार आयोगबाट प्रदर्शनको अनुगमनको लागि खटिएको अनुगमन टोलीले अनुगमन गर्दा र संचारकर्मीहरुले समाचार संकलन गर्दा आफ्नो पहिचान समेत लुकाउनु परेको तथ्य प्रमाणबाट देखिएको र यसबाट स्वतन्त्र रुपमा मानव अधिकारको अवस्था अनुगमन तथा स्वतन्त्र पत्रकारिता गर्न पाउने संवैधानिक हक कुण्ठित भएको देखियो।यस्तो अवस्था सृजनाहुनुलाई सरकारमाथि मात्र दोषारोपण गरेर पुग्ने देखिदैन , शान्तिपूर्वक सभा सम्मेलन प्रदर्शन गर्छु भन्ने आयोजकले पनि जवाफदेहिता बहन गर्नु

पर्ने हुन्छ । यस अवस्थामा त्यस्तो परिस्थीतिको सृजना आयोजक पक्षवाट के कसरी भयो ? आन्दोलनरत पक्षमध्ये को कसको संलग्नता रहेको छ? पहिचान गरी कारबाही गर्न र पत्रकारहरुले समाचार संकलनको काम गर्दा क्षति भएको सामानहरुको क्षति मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन । साथै आयोगबाट स्वतन्त्र रुपमा गरिने मानव अधिकारको अवस्था अनुगमनमा बाधा अवरोध सृजना नगर्न सम्बन्धित आयोजकका नेता तथा सरोकारवालाहरुलाई जवाफदेही बनाउने ।

१५. घटनामा क्षति भएका निजी भवनहरु, सवारी साधनहरु, निजी ल फर्म लगायत, गोदाम, व्यापारिक भवन लगायतमा भएको क्षतिको मूल्यांकन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउने ।

१६. काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट प्रर्दशनको नेतृत्व गरेका आयोजक तथा आन्दोलनरत पक्षका नेताहरु दुर्गा प्रसाईं, समेतका आयोजकका नेता तथा कार्यकर्ताहरूले प्रदर्शन पूर्व, प्रदर्शनका दौरान र प्रदर्शन पश्चात प्रदर्शनका सम्बन्धमा दिएको अभिव्यक्ति, निजहरुको सामाजिक सञ्जाल,प्रकाशित समाचार र आयोगको प्रतिवेदन समेतका आधारमा प्रदर्शन भड्काउन भूमिका रहेको देखिन आएकोले घटनामा भएको मानवीय र भौतिक क्षति समेतका कार्यमा निजहरुको के कति संलग्नता रहेको, निजहरुको अभिव्यक्तिबाट समेत प्रदर्शनकारी उत्तेजित र आक्रोशित भई कुनै असर प्रभाव परे नपरेको, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम निजहरुबाट भए नभएको सम्बन्धमा सूक्ष्म अनुसन्धान गरी सम्बन्धित व्यक्ति तथा आम नागरिकलाई सूसुचित गराई उल्लेखित व्यक्तिहरु र निजहरुबाट अन्य को कसको संलग्नता छ भन्ने खुलाउन लगाई निजहरुको स्वच्छ सुनुवाईको अधिकारको सुनिश्चितता सहित अनुसन्धान गरी नेपालको संविधानको धारा २४९ को दफा २ (क) बमोजिम आवश्यक कारबाही गर्न ।

**अस्पताल र चिकित्सकका लागिः**

१७. कुनै पनि प्रदर्शनमा प्रहरी बल प्रयोग गर्दा घाईते भएका बिरामीहरुको कुनै पनि अस्पतालमा उपचार गर्दा ईमर्जेन्सी वा भर्ना गरी जसरी उपचार भए पनि सो को अभिलेख विस्तृत रुपमा अभिलेखीकरण गर्न ।

१८. कसैको मृत्यु भएमा निजको शव परिक्षण गर्दा अनिवार्य रुपमा शरिरको एक्स रे गरिनुपर्दछ । मृत व्यक्तिले लगाएका कपडाहरुको विस्तृत परिक्षण पश्चात मात्र कति टाढाबाट गोली लागेको हो भन्ने प्रश्नको जवाफ पाउन सकिने भएकोले अनिवार्य रुपमा कपडाको परिक्षण विस्तृत रुपमा गर्न गराउन ।

**आयोजक तथा प्रदर्शनकारीहरुका लागिः**

१९. विचार र आस्थाकै आधारमा जनमत निर्माण गर्ने अधिकार अभिव्यक्ति स्वतन्त्रता सबैलाई समान रुपमा लागू हुन्छ । शान्तिपूर्ण सभा सम्मेलन गर्न अनुमति लिएर भेला भएपछि तोकिएको समयमा सभा सम्मेलन तिर ध्यान नदिइ नागरिकको सम्पत्ति आगजनी गर्ने, मिडिया हाउसमा आक्रमण तोडफोड गर्ने,

सवारी साधनमा आगजनी जस्ता कार्य आपराधिक तथा मानव अधिकार प्रतिकूल कार्य भएकाले आपराधिक कार्य तर्फ कानून बमोजिम कारवाही हुने नै हुदा विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रयोग तथा कार्यक्रम सञ्चालन गर्दा अर्काको सम्मान, प्रतिष्ठा र अधिकारको सम्मान गर्ने तर्फ आयोजकलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५(१) बमोजिम ध्यानाकर्षण गराउने ।

२०. राजनीतिक दल र शीर्ष नेतृत्वबाट फरक आस्था र विचार राख्ने दल वा समूह प्रति घृणाजन्य अभिव्यक्ति दिने कार्यबाट नकारात्मक प्रभाव पर्ने भएकाले त्यसतर्फ सचेत रहन सरोकारवाला सम्बद्ध राजनीतिक दलहरुलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५(१) बमोजिम ध्यानाकर्षण गराउने ।

२१. कुनै पनि व्यक्तिको निजी आवास, व्यवसायिक प्रतिष्ठान, फर्म आदिमा प्रवेश गर्ने कार्यबाट व्यक्तिको गोपनीयताको अधिकार र सम्पत्तिको अधिकार अतिक्रमण भई मानव अधिकार उल्लंघन हुने भएकोले अव आइन्दा यस्ता कार्यमा संलग्न नहुन/नगराउन आयोजक/राजनैतिक दल पत्रकार संचार गृह समेतलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५(१) बमोजिम ध्यानाकर्षण गराउने ।

२२. राजनीतिक दल वा विरोध प्रदर्शन गर्ने समूहले नेपालको संविधानद्वारा प्रदत्त शान्तिपूर्ण भेला हुने, सभा सम्मेलन गर्ने, विचार र अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने, दलको विचारधारा, दर्शन वा कार्यक्रम प्रति सर्वसाधारणको समर्थन र सहयोग प्राप्त गर्ने, त्यसको प्रचार प्रसार गर्ने कार्य गर्दा आम नागरिकको आधारभूत अधिकारमा आघात नहुने गरी प्रयोग गर्न गराउन प्रदर्शनकारी तथा राजनीतिक दलहरुलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५(१) बमोजिम ध्यानाकर्षण गराउने ।

**मानव अधिकारको सम्मान तथा प्रेस स्वतन्त्रता र गोपनीयताको हक संरक्षण सम्बन्धमाः**

२३. तिनकुने घटनाबाट संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रता सहित अभिव्यक्ति स्वतन्त्रताको गम्भिर हनन् भएको, समाचार संकलनमा खटिएका पत्रकार रहेको घरमा आगजनी भइ सुरेश रजकको जलेर मृत्यु भएको, निजले प्रयोग गरेको क्यामेराको अवशेष नै फेला नपरेको कारण घटनाबारे थप आशंका उत्पन्न भएकोले उक्त घटनाको सूक्ष्म तवरले प्रभावकारी र वैज्ञानिक अनुसन्धान गरी वास्तविक कसुरदार पत्ता लगाउने तर्फ गहनतम कार्य गर्नु र गराउनु भनी अनुसन्धानमा संलग्न हुने प्रहरी, प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान व्यूरो र महान्यायधिवक्ताको कार्यालय समेतलाई लेखी पठाउने ।

२४. समाचार संकलनका क्रममा हिमालयन टेलिभिजनको सवारी साधनमा तोडफोड भएको, खबर डटकमका पत्रकारलाई कुटपिट गरी घाइते भएको, अन्नपूर्ण पोष्टमा ढुङ्गा प्रहार गरी आगजनीको प्रयास गरेको र कान्तिपुर टेलिभिजनको कार्यालयमा ईँटा ढुङ्गा प्रहार गरी तोडफोड गरेको जस्ता कार्यबाट प्रेश तथा प्रकाशन स्वतन्त्रता संरक्षणमा गम्भिर चुनौती देखिँदा यस प्रकारका घटनामा संलग्न दोषीको पहिचान

गरी कारबाही गर्न तथा भौतिक क्षतिको मूल्यांकन बमोजिम क्षतिपूर्ति उपलब्ध गराई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न गराउन ।

२५. संचारकर्मीहरुले समाचार संकलन गर्दा आफ्नो पहिचान समेत लुकाउनु परेको तथ्यबाट संविधान प्रदत्त पूर्ण प्रेश स्वतन्त्रता र स्वतन्त्र पत्रकारिता गर्न पाउने संवैधानिक हक हनन् भएको देखिँदा त्यस्तो अवस्थामा प्रेस स्वतन्त्रतामा दखल पुर्याउने व्यक्तिको पहिचान गरी संकलित श्रव्यदृष्य सामाग्रीको विश्लेषण गर्दै दोषीलाई स्वच्छ सुनुवाईको हक प्रत्याभूति गरी आवश्यक कारबाही गर्न।

२६. प्रदर्शनकारीलाई प्रेश स्वतन्त्रताको सम्मान गर्न, मानव अधिकार आयोगको स्वतन्त्र अनुगमनमा बाधा अवरोध नगर्न र पर्याप्त सुरक्षाको सुनिश्चितताको लागि आग्रह गर्ने र भविष्यमा संचार गृह र संचारकर्मीलाई पनि विरोध प्रदर्शनको रिर्पोटिङ्गको क्रममा सुरक्षा पहिलो (Safety First) अवधारणा अन्तरगत पर्याप्त सुरक्षा सामाग्री प्रयोग गर्न, व्यक्तिका निजी सम्पत्ति र गोपनियताको सम्मान गर्दै निजी घर कार्यालयमा प्रवेश नगर्न र सुरक्षित स्थानबाट रिर्पोटिङ गर्न आग्रह गर्ने ।